बलात्कार...

पृष्ठ १ बाट क्रमशः

नेपालमा पहिलोपल्ट पीडितले क्षतिपूर्ति पाउने व्यवस्था भएको अपराधपीडित संरक्षण ऐनमा पीडितलाई आवश्यक भए तत्काल अन्तरिम क्षतिपूर्ति र फैसला भएपछि अन्तिम क्षतिपूर्ति दिइने व्यवस्था छ। अपराधपीडित संरक्षण ऐन, २०७५ को दफा ३० को (४) मा अदालतले कोषबाट क्षतिपूर्तिसहित उचित रकम भराइदिने उल्लेख छ।

गत जेठमा नियमावली आएपछि असारमा सर्वोच्च अदालतका रजिस्ट्रार नारायण पन्थीको अध्यक्षतामा बसेको कोषको बैठकले खाता खोल्ने निर्णय गरेको थियो। कोषको सञ्चालक समितिको सदस्यसचिव र सर्वोच्चका लेखा प्रमुखको नामबाट खाता खोलिएको छ। अपराधपीडित संरक्षण ऐन आएको दुई वर्षपछि नियमावली आएको थियो।

तर, खातामा पैसा नहुँदा एसिड आक्रमणमा परेकी पवित्रा कार्कीले राहत पाएकी छैनन्। ४ भदौमा काठमाडौं जिल्ला अदालतका न्यायाधीश कृष्णजंग शाहको इजलासले उनलाई दुई लाख रुपैयाँ अन्तरिम राहतस्वरूप दिने आदेश दिएको थियो। 'तत्काल उपचारका लागि दुई लाख दिन आदेश भएको थियो,' पीडितकी कानुन व्यवसायी राधिका खतिवडा भन्छिन्, 'हामी प्रक्रियामा छौं।'

यसबाहेक बैतडीको एक बलात्कार घटनामा सर्वोच्चले पीडितले १० लाख रुपैयाँ क्षतिपूर्ति पाउनुपर्ने फैसला गरेको थियो। जसमा कसुर ठहर भएका सागर भट्ट र अमरराज अवस्थीलाई जनही दुई लाख ५० हजार र सरकारका तर्फबाट पाँच लाख रुपैयाँ दिइनुपर्ने उल्लेख थियो। तर, कोषमा बजेट नहुँदा बलात्कारपीडितले क्षतिपूर्ति पाएकी छैनन्।

गत २ मंसिरमा सर्वोच्चले गरेको फैसलामा छ, 'पीडितले नेपाल सरकारबाट क्षतिपूर्तिबापतको रकम पाँच लाख नेपाल सरकारबाट पीडित 'घ कुमारी'लाई तत्काल उपलब्ध गराउनू भनी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा लेखी पठाउनू।' यसका साथै फैसलामा दोषी ठहर भएका दुवैजनाबाट दुई लाख ५० हजार रुपैयाँ ६० दिनभित्रमा क्षतिपूर्ति भराईदिन बैतडी जिल्ला अदालतमा लेखी पठाउनसमेत आदेश भएको छ। तर, कोषमा कतैबाट कुनै रकम जम्मा भएको छैन।

'क्षतिपूर्तिका लागि हामीले महिला तथा बालबालिका मन्त्रालयमा पठाइदिएका छौं,' फैसला कार्यान्वयन निर्देशनालयका निर्देशक शिवकुमार पोखरेलले भने, 'सरकारले रकम जम्मा गरेको छैन। तत्काल मन्त्रालयले नै दिने भन्ने कुरो जानकारी पाएका छौं।'

मन्त्रालयबाट समितिमा प्रतिनिधित्व गर्ने सहसचिव रोश्नी श्रेष्ठ हालसम्म कोष सक्रिय नभएको बताउँछिन्। तर, मन्त्रालयमा रहेको 'लैंगिक हिंसा निवारण कोष'बाट बैतडीकी किशोरी बलात्कारको मुद्दामा क्षतिपूर्ति दिने तयारी भइरहेको उनले जानकारी दिइन्। 'घटनामा महिला हिंसा भएको हुँदा हामी दिन्छौं। तर, त्यो छुट्टै पीडित कोषबाट दिइन लागेकोचाहिँ होइन,' उनले भनिन्, 'क्षतिपूर्तिको आधा रकम पीडकबाट र बाँकी राज्यले दिने भन्ने कोषको उद्देश्य हो। तर, कोष खडा भए पनि रकम नभएकाले हामीले पहिलेको कोषबाट दिने हौं।'

ऐनमा अपराधकर्ममा संलग्नले क्षतिपूर्तिबापत तिर्नुपर्ने रकम जम्मा गर्नुपर्छ। यसरी रकम राख्ने-नराख्नेको अनुगमन गर्ने जिम्मेवारी पनि कोषको सञ्चालक समितिको हुनेछ। अदालतले भनेअनुसार बाँकी रकम फैसलामा उल्लेख भएको निकायले राख्ने र पीडितलाई उपलब्ध गराउन सम्बन्धित अदालतका नाममा निकासा गर्ने व्यवस्था छ। नियमावलीको नियम (५) अनुसार कोषको सञ्चालक समितिमा मुख्य रजिस्ट्रारले तोकेका सर्वोच्चका रजिस्ट्रार अध्यक्ष हुन्छन् भने सदस्यमा कानुन, गृह र महिला मन्त्रालयका सहसचिव रहने व्यवस्था छ। यसैगरी फैसला कार्यान्वयन निर्देशनालयको महानिर्देशक सदस्यसचिवका रूपमा रहन्छन्।

महालक्ष्मी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जिपतुर, धनकुटा

उद्यम विकास सहजकर्ता (EDF) करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७७/०७/२७)

प्रस्तुत विषयमा आ.व. २०७७/०७८ मा महालक्ष्मी नगरपालिकामा सञ्चालन हुने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को व्यवस्थित रुपमा कार्यान्वयनको लागि आवश्यक उद्यम विकास सहजकर्ता (EDF) पद रिक्त रहेकोले उक्त पदको खुल्ला प्रतियोगितात्मक प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट करार सेवामा लिइ पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र माग बमोजिमका विवरण राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

क्र.स.	विज्ञापन नं.	पद	तह	संख्या
१	7/2077/078	उद्यम विकास सहजकर्ता (EDF)	सहायकस्तर चौथो	२ (दुई)

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**
   (क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्स उत्तिर्ण गरेको, वा
   (ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा
   (ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उत्तीर्ण गरेको।
   (घ) उमेरः कम्तिमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको।
   (ङ) कम्तिमा ३(तीन) महिनाको कम्प्युटर तालिम लिई आधारभुत कम्प्युटर सीप भएकोलाई प्राथमिकता दिइनेछ।
२. **दरखास्त दिने स्थानः** महालक्ष्मी नगर कार्यपालिकाको कार्यालय, जितपुर, धनकुटा।
३. **दरखास्त दिने अन्तिम मितिः** मिति २०७७/०८/११ गते कार्यालय समय भित्र
४. **समपर्क मितिः** मिति २०७७/०८/१२ गते कार्यालय समय भित्र
५. **आवेदन दस्तुरः** रु. ४००/- (चार सय)
६. **दरखास्त दस्तुर बुझाउने विधिः** राष्ट्रिय बाणिज्य बैंक, जितपुर शाखा, धनकुटामा रहेको महालक्ष्मी न.पा. आन्तरिक राजश्व खाता 2350100301010003 मा जम्मा गरी भौचर पेश गर्नुपर्नेछ।
७. दरखास्त फारम यस कार्यालयको Website: http//www.mahalaxmimundhankuta.gov.np मा राखिएको छ। उक्त फारम डाउनलोड गरी भरेर सम्पूर्ण आवश्यक कागजात स्क्यान गरी यस कार्यालयको Email: mahalaxmimunjitpur@gmail.com मा समेत पठाउन सकिनेछ। थप जानकारीका लागि यस कार्यालयको फोन नं. 9852070121, 9841622459 मा सम्पर्क राख्न सकिनेछ।
८. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रम र अन्तर्वार्ता
९. **आवेदन साथ संग्लन कागजातहरुः** आवेदकले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि
   - नागरिकता प्रमाणपत्र
   - शैक्षिक योग्यताका प्रमाणपत्र
   - अनुभव सम्बन्धी कागजात
   - २ प्रति पासपोर्ट साइजको फोटो
१०. **सेवा सुविधाहरु** : नगर कार्यपालिकाकार्यालयले तोके बमोजिम हुनेछ।
११. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण (TOR) नगरपालिकाले उपलब्ध गराए बमोजिम हुनेछ।
१२. आवेदकहरुले इमेल मार्फत समेत आवेदन दिन सक्नेछन्।

नोटः उल्लेखित सूचनाको सन्दर्भमा अन्तिम निर्णय गर्ने अधिकार कार्यालयमा निहित रहने छ।

पदपूर्ति समिति

नेकपाको विडम्बना...

पृष्ठ १ बाट क्रमशः

विन्दाबासिनीमा पार्टीकै संरक्षणमा भएको कार्यकर्ता मुकेश चौरसियाको हत्यालगायतका विषयमा पत्रमा छलफलको माग गरिएको थियो।

प्रचण्ड-नेपाल समूहले यिनै विषयलाई बैठकको एजेन्डा बनाउनुपर्ने कोसिस गर्दै आएको छ। बहुमतका आधारमा ओलीलाई पुराना निर्णय कार्यान्वयनमा बाध्य बनाउने, नमाने दुईमध्ये एक पदबाट हटाउने तहसम्म प्रचण्ड-नेपाल समूहले अनौपचारिक छलफलमार्फत गृहकार्य गर्दै आएका छन्।

प्रधानमन्त्री पटक-पटक भेटेर बैठक बोलाउन र एजेन्डाहरूमा छलफल गर्न प्रचण्डले दबाब दिँदै आए पनि ओलीले लगातार अस्वीकार गरेपछि २१ कात्तिकमा पार्टी कार्यालय धुम्बाराहीमा बसेको अनौपचारिक बैठकले औपचारिक बैठकका लागि लिखित पत्र बुझाएर सहमति लिने र उनलाई पनि बैठकमा सहभागी गराउने प्रयास गराउने निष्कर्ष निकालेको थियो। प्रचण्ड र नेपालसहित पाँच नेताले २२ कात्तिकमा बालुवाटारमा प्रधानमन्त्री ओलीलाई भेटेरै ज्ञापनपत्रसमेत बुझाएका थिए।

आफ्नोविरुद्ध सचिवालयका बहुमत सदस्य लागेकाले तत्काल बैठक नबोलाउने ओलीको योजना छ भने स्थायी कमिटीका निर्णय कार्यान्वयनदेखि कोभिड- १९ को संकट र राष्ट्रियताका विषयमा प्रधानमन्त्री ओली संवेदनशील नदेखिएकाले यसमाथि छलफलका लागि तत्काल बैठक बस्नुपर्ने प्रचण्ड-नेपाल समूहको माग छ। त्यसैले सचिवालय बैठक बस्ने वा नबस्ने भन्ने विषय अब नेकपामा दुवै समूहका लागि प्रतिष्ठाको विषय भइसकेको छ।

अनौपचारिक बैठक बसेर दबाब बनाइरहेको प्रचण्ड-नेपाल समूहले औपचारिक बैठकका लागि ओलीलाई दुई पेज लामो पत्रसमेत लेखेको छ। तर, बहुमतबाट कुनै निर्णय लिइए त्यसको बदलमा भने ठूलो 'एक्सन' लिने ओलीको चेतावनी छ। पार्टी प्रवक्ता नारायणकाजी श्रेष्ठले त आकस्मिक बैठकको माग गर्दै दुवै अध्यक्षलाई दुई-दुईवटा पत्रसमेत लेखिसकेका छन्।

औपचारिक रूपमा प्रचण्ड-नेपाल समूहले प्रधानमन्त्रीको राजीनामा मागेको छैन, तर ओलीले कुनै पनि हालतमा राजीनामा नदिने बताएर यस विषयलाई नेकपाको आन्तरिक विवादको मुद्दा बनाइसकेका छन्। यद्यपि प्रचण्ड-नेपाल समूहले २६ भदौमा सकिएको स्थायी कमिटी बैठकले तय गरेको दुई अध्यक्षको कार्यविभाजनप्रति ओली इमानदार नभएकाले त्यसको औचित्य सकिएको निष्कर्ष भने निकालेको छ।

प्रचण्ड नेपाल समूहले पार्टी एकताको रक्षा गर्ने, पार्टी र सरकार सञ्चालनमा सकारात्मक परिवर्तन गर्ने, पार्टी र सरकारलाई विचार र नीतिका आधारमा सञ्चालन गर्ने, पार्टी र सरकार दुवैलाई विधि र पद्धतिका आधारमा संस्थागत ढंगले सञ्चालन गर्ने, सरकारलाई जनमुखी ढंगले सञ्चालन गरी सफल पार्ने र चैतमा पार्टी एकताको संक्रमणकाललाई अन्त्य गर्ने गरी एकताको राष्ट्रिय महाधिवेशन गर्ने स्थायी कमिटीको निर्णय कार्यान्वयन नभएको भन्दै बैठकको माग गरेको छ।

स्थायी कमिटीको सर्वसम्मतिले निकालेको निर्णय कार्यान्वयन प्रक्रियामा समस्या उत्पन्न भएको वा त्यो कार्यान्वयनको प्रक्रिया अगाडि नबढेकाले बैठक चाहिएको प्रचण्ड-नेपाल समूहको माग छ। तर, पार्टीका सचिवालय सदस्यहरूले लिखित र मौखिक रूपमा पनि तत्काल सचिवालयको बैठक बसाल्न गरेको आग्रहलाई ओलीले बहुमतबाट निर्णय हुन सक्ने आशंकामा अस्वीकार गर्दै आएका छन्। राष्ट्रियता, संघीय र कोभिड- १९ ले उत्पन्न गरेको स्वास्थ्य संकटलाई पनि बैठकको एजेन्डा बनाउनुपर्ने यो समूहको भनाइ छ।

नेकपाको विधानको धारा ५९ को उपधारा २ मा केन्द्रीय सचिवालय बैठक आवश्यकताअनुसार बस्ने उल्लेख छ। त्यस्तै, उपधारा ४ मा कमिटीका २५ प्रतिशत सदस्यले लिखित माग गरेको खण्डमा केन्द्रीय कमिटीको बैठक एक महिनाभित्र र मातहत कमिटीको बैठक १५ दिनभित्र बोलाउनुपर्ने व्यवस्था छ।

नयाँ समीकरणको प्रयासमा ओली

लगातार आफूमाथि बहुमत सदस्यको दबाबपछि प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी ओलीले पार्टीभित्र नयाँ समीकरणको कोसिस पनि जारी राखेका छन्। यसका लागि ओलीले पार्टीका वरिष्ठ नेता माधवकुमार नेपालसँग यसै महिना मात्रै तीनपटक संवाद गरिसकेका छन्। तर, हरेक भेटमा जस्तै नेपालले व्यक्तिवाद त्यागेपछि मात्रै सहमति र एकताको विकल्प खुल्ने बताएका छन्।

पछिल्लोपटक प्रधानमन्त्री ओलीले २३ कात्तिकमा वरिष्ठ नेता नेपालसँग गरेको भेटमा अबको महाधिवेशनबाट पार्टी अध्यक्ष वा चुनावबाट प्रधानमन्त्री बन्न प्रस्ताव गरेका थिए। 'मैले तपाईंलाई पार्टी अध्यक्ष बन्ने हो भने महाधिवेशन पर्खिनुस्, कि चुनावपछि प्रधानमन्त्री बन्नुस् पहिल्यैदेखि भन्दै आएको छु,' नेपाललाई प्रधानमन्त्री ओलीको प्रस्ताव थियो, 'अहिलेलाई मिलेर एकताका साथ अघि बढौं, पार्टीभित्र देखिएका चुनौती सम्बोधन गर्दै अघि बढौं।'

त्यसअगाडि ११ कात्तिकमा ओलीले अब नेकपालाई तपाईंले नेतृत्व गर्ने हो भन्दै पार्टी र सरकार सञ्चालनमा सहयोग गर्न नेपाललाई प्रस्ताव गरेका थिए। 'मुलुकको अवस्था, सरकार र पार्टी सञ्चालनमा सहयोग गर्नुपर्‍यो, अब नेकपालाई तपाईंले नै नेतृत्व गर्ने हो भन्नेबाहेक कमीकमजोरी महसुस गर्दै सच्चिएर अघि बढ्ने र पार्टीलाई एकताबद्ध बनाउने कुनै ठोस प्रस्ताव आएको थिएन,' नेपालनिकट नेताहरूले भनेका थिए।

त्यसअगाडि ४ कात्तिकमा ओलीले प्रचण्डसँग हिर्माचिम बढाएर खुमलटार धेरै जाने गरेको भन्दै गुनासो पोखेर नेपालसँग सहकार्यको प्रस्ताव गरेका थिए। 'लामो समय भइसक्यो तपाईंसँग भेटघाट हुन सकेन, तपाईंले पनि सम्पर्क गर्नुहुन्न, त्यसैले कुराकानी गरौं, कतै कमजोरी छन् भने सच्याउने गरी अघि बढौं भन्ने उद्देश्यले छलफल गर्न खोजेको हुँ, छलफलबाट पार्टीमा समस्या छन् भने पनि हल गरौं, संवादलाई निरन्तरता दिँदै अघि बढौं,' ओलीको प्रस्ताव थियो।

नेकपाको समीकरणमा शक्ति सन्तुलनको हिसाबले निर्णायक 'पोजिसन'मा रहेका नेपाललाई प्रधानमन्त्री ओलीले सहकार्यको प्रस्ताव अगाडि सारेका हुन्। स्थायी कमिटीको निर्णय कार्यान्वयनलाई लिएर अहिले भने नेकपामा प्रचण्ड-नेपाल समीकरण छ। यसबाहेक प्रधानमन्त्रीको राजनीतिक 'मुभ'लाई सहयोग पुग्ने गरी राष्ट्रपति कार्यालयको पनि सक्रियता बढेको छ।

यसबीचमा राष्ट्रपति विद्या भण्डारीले नेकपा उपाध्यक्ष वामदेव गौतम, सचिवालय सदस्य रामबहादुर थापालगायतका नेताहरूसँग भेट गरेकी छिन्। 'भेटमा राष्ट्रपतिज्यूले पार्टी एकताप्रति चिन्ता जनाउँदै पार्टी एकता नटुटोस्, एकता जोगाउन तपाईंले पहिले पनि भूमिका खेल्नुभो, अब पनि तपाईंबाट त्यस्तै भूमिकाको अपेक्षा छ भन्ने सुझाब दिनुभएको छ,' गौतमलाई उद्धृत गर्दै उनका प्रेस संयोजक विश्वमणि सुवेदीले भनेका थिए, 'म पार्टी एकता जोगाउने लागिरहेको छु। प्रचण्ड, माधव, झलनाथ कमरेड हामी सबै एकता जोगाउने, विधि र पद्धति स्थापित गर्ने कुरामै लागेका छौं।'

स्थायी समितिका निर्णय र प्रगति

१. ७९औं दिनमा सकिएको स्थायी कमिटीले पारित गरेका १५ प्रस्तावमा पहिलो थियो- पार्टी एकताको महत्वलाई आत्मसात् गर्ने, जसमा 'विगतका कमीकमजोरीबाट शिक्षा लिने, पार्टीभित्रका विशेषतः नेतृत्व तहका असमझदारी, अविश्वास र अन्तर्विरोध समाधान गर्ने, परस्परमा विश्वास कायम गर्ने र पार्टी एकताको रक्षा एवं विकास गर्ने संकल्प' थियो।

प्रगति : संकल्प बैठकमा भयो, व्यवहारमा देखिएको छैन। दुई अध्यक्षबीच अविश्वास र दूरी झन् बढेको छ। विगतका कमजोरी सच्याएर अन्तर्विरोध समाधानका लागि ठोस प्रयास अझै बढेको छैन।

२. १५ बुँदे प्रस्तावको दोस्रो बुँदामा 'पद्धति र संस्थागत प्रणालीलाई सबल तुल्याउने' भन्ने थियो र यसमा 'सचिवालय, स्थायी कमिटी, केन्द्रीय कमिटीलगायत समस्त पार्टीपंक्तिलाई विधि, पद्धति र संस्थागत निर्णयका आधारमा सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त' गरिएको थियो।

प्रगति : तर, अहिले बैठक बस्ने विषयमा समेत विवाद भएको छ। मन्त्रिमण्डल पुनर्गठन, राजनीतिक नियुक्तिलगायत पार्टी निर्णयविनै भएको भन्दै प्रचण्ड-नेपाल समूहले विधि र पद्धतिको पुराने कुरा उठाइरहेको छ।

३. स्थायी कमिटीले 'अध्यक्षद्वयको कार्यविभाजन तथा कार्याधिकार स्पष्ट गर्ने' प्रस्ताव पारित गर्दै 'ओली प्रतिनिधिसभाको यो कार्यकालभरि प्रधानमन्त्रीको जिम्मेवारीमा रहेर सरकारलाई नेतृत्व गर्ने र सरकारको काममा केन्द्रित हुने' र अर्का अध्यक्ष 'प्रचण्ड कार्यकारी अधिकारसहित पार्टीका बैठकहरूको सञ्चालन, निर्णयहरूको कार्यान्वयन र समग्र पार्टी कामको जिम्मेवारीमा केन्द्रित हुने' गरी कार्यविभाजन गरेको थियो।

प्रगति : तर, प्रचण्ड-नेपाल समूहले कार्यविभाजनको औचित्य सकिएको बताएको छ। ओली समूहले प्रचण्डले कार्यकारी अध्यक्षको भूमिकै निर्वाह गर्न नसकेको, सरकारलाई असहयोग र घेराबन्दी गरेको आरोप लगाउँदै आएको छ। प्रधानमन्त्री ओलीले प्रचण्ड दोस्रो वरीयतामा रहेकाले बैठकको अध्यक्षता प्रथम अध्यक्षले नै गर्ने भन्दै दुईमध्ये को कार्यकारी, को अकार्यकारी भन्ने प्रश्नै नरहेको सार्वजनिक रूपमा अभिव्यक्ति दिएका छन्।

४. केन्द्रीय सचिवालयले पार्टी विधान, नियमावली र निर्धारित मापदण्डका आधारमा एकता-एकीकरणका बाँकी काम असोजभित्र सम्पन्न गर्ने प्रस्ताव पारित गरेको थियो।

प्रगति : असोज पहिलो साता बसेको सचिवालय बैठकले दश दिनभित्र एकताको बाँकी कामको प्रस्ताव तयार पार्ने जिम्मेवारी दुई अध्यक्षलाई दिएको थियो। तर, कर्णाली विवाद चर्किएपछि दुवै अध्यक्षले पार्टी एकीकरणको बाँकी काम टुंग्याउने कुरामा ध्यान नै दिएनन्।

५. बैठकले राजनीतिक तथा संगठनात्मक क्षेत्रमा गर्ने कामको पनि सूची पनि पारित गरेको थियो।

प्रगति : परिभाषित कामको मूल्यांकनमा आधारित भएर केन्द्रीय कमिटीका पदाधिकारी तथा सदस्यको कार्यविभाजनको पुनरावलोकन गर्नेलगायत काममा केही प्रगति भएको छैन।

६. २५ देखि २७ चैतसम्म एकताको महाधिवेशन गर्ने पूर्ववत् निर्णयअनुसार यसको तयारीमा लाग्ने स्थायी कमिटी बैठकले पारित गरेको प्रस्तावमा थियो। यसका लागि विचार, नीति तथा विधिलाई महाधिवेशन तयारीको महत्वपूर्ण विषयका रूपमा ग्रहण गर्ने र तदनुरूप मस्यौदा दस्तावेजहरू तयार गर्ने निर्णय थियो।

प्रगति : तर, महाधिवेशनसम्बन्धी कार्ययोजना पारित गर्न १५ देखि १७ कात्तिकसम्म केन्द्रीय कमिटीको बैठक आयोजना गर्ने पूर्ववत् निर्णय भए पनि बैठक ओली र प्रचण्ड दुवैको सहमतिमा एक महिना पछाडि धकेलिएको छ।

७. सरकारको कामलाई कोभिड- १९ को महामारीले सिर्जना गरेको चुनौतीको सामना, सीमा समस्याको समाधान, चुनावी घोषणापत्र र पार्टी तथा सरकारका तर्फबाट गरिएका सार्वजनिक प्रतिबद्धताहरूको कार्यान्वयनजस्ता महत्वपूर्ण विषयमा केन्द्रित गर्ने स्थायी कमिटीको प्रस्ताव थियो। यसका लागि सचिवालयमा गरिने छलफल, अध्यक्षद्वयको आपसी परामर्श र सहमति तथा संवैधानिक व्यवस्था र कानुनी प्रबन्धका आधारमा संघीय मन्त्रिपरिषद् र प्रदेश मन्त्रिपरिषद्को पुनर्गठन तथा राजनीतिक नियुक्तिसम्बन्धी निर्णय गर्ने भनिएको थियो।

प्रगति : मन्त्रिपरिषद् पुनर्गठन एकलौटी भएको भन्दै पुनः विवाद भएको छ। प्रदेश मन्त्रिपरिषद्को विवादले प्रवेश पाएको छ। कोभिड- १९ को निःशुल्क उपचार नगर्ने निर्णयको आलोचना भएपछि सर्वोच्च अदालतको पछिल्लो आदेशलाई समेत मध्यनजर गर्दै सरकारले निःशुल्क उपचार गर्ने निर्णय लिएको छ।

८. संसदीय दललाई दलको विधानअनुरूप प्रभावकारी रूपमा सञ्चालन गर्ने तथा दलको विधानमा प्रबन्ध गरिएका संरचना निर्माण गर्ने र तिनलाई क्रियाशील तुल्याउने प्रस्ताव पारित भएको थियो।

प्रगति : स्थायी कमिटीको यो प्रस्तावमा कुनै पनि प्रगति भएको छैन।

९. प्रदेश सरकार र स्थानीय निकायको भूमिका प्रभावकारी बनाउन प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेटजस्ता नीतिगत विषय र राजनीतिक नियुक्तिजस्ता विषयमा निर्णय गर्दा सम्बन्धित प्रदेश कमिटीका पदाधिकारीसँग समन्वय गर्ने, आवश्यकताअनुरूप पार्टीसँगको परामर्श एवं समन्वयमा मन्त्रिपरिषद् विस्तार तथा पुनर्गठन गर्ने निर्णय भएको थियो।

प्रगति : यसमा पनि कुनै प्रगति छैन। बरु यहीबीचमा कर्णाली प्रदेशको विवादले पार्टी केन्द्रको राजनीति तरंगित बनाइदिएको छ।

१०. केही समयअघि नेपालको सीमा समस्या समाधानका सन्दर्भमा नयाँ राजनीतिक/प्रशासनिक नक्सा प्रकाशन र संविधान संशोधनजस्ता ऐतिहासिक महत्वका काम सम्पन्न भएको र अब नेपाली भूमिबाट भारतीय फौज हटाउन र अतिक्रमित नेपाली भूमिमा नेपालको राजनीतिक तथा प्रशासनिक हकभोग स्थापित गर्न जरुरी रहेको बैठकको निष्कर्ष थियो।

प्रगति : नेपालको सीमा समस्या र समाधान सम्बन्धमा भारतसँग राजनीतिक र कूटनीतिक तहमा ठोस वार्ता भएको छैन। तर, सरकारले कोसिस जारी राखिरहेकै वेला यसबीचमा 'रअ' प्रमुख र भारतीय सेनाअध्यक्षले भने नेपाल भ्रमण गरेका छन्। 'रअ' प्रमुखको भ्रमण विवादमा परे पनि मंसिर दोस्रो साता भारतीय विदेशसचिवको नेपाल भ्रमणको मिति निर्धारण भएको छ।

११. कोभिड- १९ महामारीको रोकथाम, नियन्त्रण, उपचार र आर्थिक पुनरुत्थानका सम्बन्धमा स्थायी कमिटीको बैठकबाट सरकारले चाल्नुपर्ने कदम र गर्नुपर्ने कामको लामै सूची तयार भएको थियो।

प्रगति : अदालतको आदेशपछि सरकारले सरकारी अस्पतालमा कोरोना संक्रमितको निःशुल्क उपचार गर्ने निर्णय लिएको छ। तर, यसबाहेक आर्थिक पुनरुत्थानका सम्बन्धमा नयाँ कार्यक्रम केही आएका छैनन्।

१२. बाढीपहिरोद्वारा सिर्जित प्राकृतिक विपत्तिको सामना गर्ने र यसका लागि उद्धार, राहत र पुनर्स्थापनाको विषयलाई स्थानीय पार्टी कमिटीहरूले आफ्नो कामको महत्वपूर्ण कार्यसूची बनाउने निर्णय पारित भएको थियो।

प्रगति : स्थायी कमिटीको यो निर्णय कार्यकारी अध्यक्ष प्रचण्डले पार्टी काममा केन्द्रित भएर गर्न सक्ने भए पनि उनले पनि कुनै चासो राखेका छैनन्।

१३. पीडितहरूमा असन्तुष्टि र पीडा थपिन नदिने, विषयको संवेदनशीलतामाथि खेल्न नदिने र विश्वमै उदाहरणीय रहेको नेपालको शान्तिप्रक्रियामाथि अनावश्यक प्रश्न उठ्न नदिने गरी समस्याको समाधान गर्न जरुरी रहेको बैठकको प्रस्तावमा थियो।

प्रगति : शान्तिप्रक्रियाका बाँकी काम सम्पन्न गर्ने गरी स्थायी कमिटीले गरेको निर्णयमा पनि ठोस प्रगति भएको छैन।

१४. पार्टीका विभिन्न नेताका नाममा विभिन्न प्रतिष्ठान वा संघसंस्था परिचालित रहेको र यीमध्ये अधिकांश गुटबन्दीको माध्यम बन्दै गएका निष्कर्षसहित स्थायी कमिटीले गुटबन्दी रोक्न प्रतिष्ठानलाई नियमन गर्न जरुरी रहेको प्रस्ताव पारित गरेको थियो।

प्रगति : विशेषत मदन भण्डारी फाउन्डेसनको गतिविधि नेकपा पंक्तिमा आलोचित बनिरहेको छ। पुष्पलाल मित्रता केन्द्रलगायत अन्य विभिन्न संघसंस्थाले पनि गुटगत गतिविधि जारी राखेका छन्।

१५. संसद्मा अनुमोदनका लागि विचाराधीन अवस्थामा रहेको नेपाल सरकार र अमेरिकी सरकारको संस्था मिलेनियम च्यालेन्ज कर्पोरेसनबीच सन् २०१७ मा सम्पन्न मिलेनियम च्यालेन्ज कम्प्याक्ट सम्झौतालाई राष्ट्रिय हितमा स्पष्ट पार्दै आवश्यकताअनुसार परिमार्जन र संशोधन गरी अनुमोदन गर्ने प्रस्ताव पारित भएको गियो।

प्रगति : स्थायी कमिटीको यो निर्णयमा पनि केही प्रगति भएको छैन।

सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साब्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७७।०७।२७

यस गाउँपालिको कार्यालयबाट क्रमशः मिति २०७७/०६/१८ र २०७७/०६/२१ गते प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रीत पूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मुल्यांकन समितिबाट न्यूनतम मुल्याँकित सारभूत रुपमा प्रभावग्राही देखिएको देहाय बमोजिमको बोलपत्रदातालाई स्वीकृतिका लागी छनौट गर्ने निर्णय भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा नियमावली २०६४ को नियम ५४ (क) बमोजिम सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

देहायः-

सि.नं.	ठेक्का आई.डि. नं.	योजनाको नाम	छनौट गरिएका बोलपत्रदाता	स्वीकृत बोलपत्रको रकम (मु.अ. कर सहित)
१	SRM/TPJ/NCB/Works/ Roads-2077/078-01	सिलसिले देखि सिब्रेक हुदै सिदिङवा धाम जाने सडक निर्माण तथा मर्मत	प्रतिभा निर्माण सेवा , ताप्लेजुङ	२६,२५,८७०।०३ (छबिस लाख पचिस हजार आठ सय सत्तरी र पैसा तिन मात्र)
२.	SRM/TPJ/NCB/Works/ Roads-2077/078-02	साब्लाखु गुम्बाडाँडा बाट ढडढडे झरना जाने पर्यटकीय सडक निर्माण	कमल कन्स्ट्रक्सन, पाँचथर	४८,६५,२०८।५९ (अड्चालीस लाख पैसठी हजार दुइ सय आठ र पैसा उन्नसाठी मात्र)

प्रमुख प्रशासकीय अधिकृत

पार्टीले धम्की...

पृष्ठ १ बाट क्रमशः

मतलब अब प्रधानमन्त्रीले राजीनामा गर्नुपर्छ भन्ने माग फेरि ब्युँतिएको हो त ?

समस्या त जहाँको तहीँ भयो नि। अब हटाउनुपर्छ भन्ने मान्छेलाई अहिले बल पुऱ्यायो कि पुऱ्याएन ? अस्तिको सम्झौतै बेठीक हो। उहाँले मान्नुभएकै थिएन, आफूमाथिको समस्या टार्न मात्र खोज्नुभएको हो भन्ने अर्थ लाग्यो नि। अहिले पार्टीको बैठकसमेत बस्न सकेन भनेपछि समस्या जहाँको तहीँ फर्कियो नि। पार्टी पनि नचल्ने, सरकार पनि नचल्ने भयो भने तपाईं के गर्नुहुन्छ ? अहिले प्रधानमन्त्रीले मलाई काम गर्न दिइएन भनेको देखिन्छ। उहाँले राष्ट्रका नाममा वेलामौकामा सम्बोधन गरेकोगऱ्ये हुनुहुन्छ। तर, उहाँले नेपालको हित हुने, जनहितमा हुने के ठूला कुरा गर्नुभएको छ ? किन सक्नुभएन ?

देश महामारीमा छ, तर पार्टीभित्र फरक मत राख्ने नेताहरूले जनताको मुद्दा होइन, आफ्नो कुर्सीको मात्र कुरा उठाउँछन् भन्ने आरोप छ, कोभिडको यो संकटमा सत्तारुढ पार्टीभित्र बहस किन हुँदैन ?

हाम्रै कार्यदलले कोभिडको उपचार व्यवस्थित र निःशुल्क गर्न २४ बुँदामा सुझाब दियो। तर, यसबीचमा सरकारले गरिब हो भन्ने प्रमाणित भएकालाई मात्र निःशुल्क गर्ने, बाँकीलाई शुल्क लिएर मात्र उपचार गर्ने निर्णय गऱ्यो। सर्वोच्च अदालतले सबैलाई गर्न आदेश दियो, तर सरकार सकिँदैन भन्दै पुनरावलोकनका लागि फेरि अदालत गयो। अन्तिममा सर्वोच्चले गर्नैपर्छ भन्ने फैसला गरिदियो। अब भोलि हुने चुनावमा कांग्रेसका कार्यकर्ताले नेकपाले त निःशुल्क गर्नुहुँदैन भनेर पुनरावलोकनका लागि निवेदन दिएको थियो भन्दै पर्चा बनाएर हिँडे भने नेकपाका कार्यकर्ताले कसरी प्रतिरक्षा गर्छन् ? हामी सबैले त्यसको कसरी प्रतिरक्षा गर्